# गोदावरी नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### अत्तरिया, कैलाली
### सुदूरपश्चिम प्रदेश, नेपाल

## सीपमुलक तालिम कार्यक्रमको प्रस्ताव आह्वान गरिएको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७५/११/२२ गते**

यस कार्यालयको चालु आ.व.०७५/७६ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार तपशिलमा उल्लिेखित लामो अवधी ३ महिने सीपमुलक तालिम कार्यक्रमहरु चालु आ.व.भित्र सम्पन्न गर्नु पर्ने भएको हुदाँ यस कार्यालयमा सूचीकृत भएका ईच्छुक तालिम प्रदायक संघ/संस्थाहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन (**२०७५ चैत्र ६**) भित्र यस कार्यालयको राजश्व शाखाबाट रु. १,०००।- (अक्षेरुपी एक हजार मात्र) नगदै तिरी (पछि फिर्ता नहुने गरी) प्रशासन शाखाबाट **कार्यक्रम संचालन सम्बन्धी प्रस्तावना (TOR)** खरिद गरी पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ । प्रस्ताव पेश गर्ने तालिम प्रदायक संस्थाले संस्था दर्ता प्रमाण पत्रको प्रतिलिपी, समाज कल्याण परिषदको सम्बद्धताको प्रमाणपत्रको प्रतिलिपी, CTEVT बाट सम्बन्धन प्राप्त भए सोको प्रतिलिपी, गत आ.व.को लेखा परिक्षण प्रतिवेदनको प्रतिलिपि, संस्थाको विधानको प्रतिलिपी, मु.अ. करमा दर्ता प्रमाणपत्रको प्रतिलिपी, कर छुट प्रमाण पत्रको प्रतिलिपी वा कर कार्यालयमा विवरण बुझाएको पत्रको प्रतिलिपी, विधानको उद्धेश्यसँग मेलखाने गरी कार्यक्रमको प्रस्तावना पेश गर्नु पर्नेछ । साथै कार्यक्रम प्रस्तावना पेश गर्दा माथी उल्लेखित प्रतिलिपीहरु प्रमाणित गरी प्रस्तावनाको प्रत्येक पेजमा सहीछाप गरी सिलबन्दी खाममा लाहाछाप लगाई आफुले प्रस्ताव पेश गरेको कार्यक्रमको नाम र सूचना नं. समेत स्पष्ट रुपमा सिलबन्दी खाममा उल्लेख गर्नु पर्नेछ । प्रस्ताव खरिदको अन्तिम दिनको भोलीपल्ट दिउँसो १२.०० बजे भित्र प्रस्ताव यस कार्यालयमा दर्ता गराई सक्नु पर्ने छ र प्रस्ताव सोही दिनको ३.०० बजे खोलिने छ । प्रस्ताव खरिद र दर्ता गर्ने दिन सार्वजनिक विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनलाई अन्तिम दिन मानिनेछ । तालिम प्रदायक संस्थाले TOR मा उल्लेख भएका शर्तहरुको अधिनमा रही प्रस्ताव पेश गर्नुपर्ने छ । रित नपुगी वा समयमा पर्न नआएका प्रस्ताव उपर कुनै किसिमको कार्यवाही हुनेछैन । यसमा उल्लेख भएका बाहेक अन्य विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ । यस सम्बन्धी थप जानकारीका लागी कार्यालय समय भित्र कार्यालयमा तथा ०९१-५०८००१ मा सर्म्पक गर्नु हुन समेत अनुरोध गरिन्छ ।

**प्रस्ताव पेश गर्न सकिने क्षेत्रहरु**

| सूचना नं. | कार्यक्रमको नाम | स्वीकृत रकम | संचालन गर्नु पर्ने स्थान | सहभागी वडाहरु | सहभागी संख्या |
|---|---|---|---|---|---|
| १ | बेरोजगार युवाहरुलाई मोटर साईकल मर्मत तालिम र औजार वितरण (३ महिने) | ६,००,०००।- | अत्तरिया | १२ वटै | ३६ जना |
| २ | प्लम्बिङ एडभान्स तालिम र औजार वितरण (३ महिने) | ६,००,०००।- | अत्तरिया | १२ वटै | ३६ जना |
| ३ | कपाल काट्ने तालिम (३ महिने) | २,००,०००।- | जमुनाभाडी | ६, ७, ८, ९ | २० जना |
| ४ | केश श्रृगार सम्बन्धी तालिम र औजार वितरण (३ महिने) | ४,००,०००।- | अत्तरिया | १, २, ३, ४, ५ | २५ जना |
| ५ | केरा खेती तथा केराको उत्पादनबाट विभिन्न सामग्री निर्माण तालिम तथा उपकरण वितरण (३ महिने) | ४,००,०००।- | जमुनाभाडी | १, २, ४, ६, ७, ८, ९ | २८ जना |
| ६ | हाउस वायरिङ तथा प्रविधि हस्तान्तरण तालिम तथा उपकरण वितरण (३ महिने) | ४,००,०००।- | गौडी | १०, ११, १२ | २४ जना |
| ७ | विपन्न महिलाहरुलाई होजियारी तालिम तथा सामग्री वितण (३ महिने) | ४,००,०००।- | वडा नं. | ३, १०, ११, १२, | २४ जना |
| ८ | बुटिक तालिम तथा उपकरण वितरण (३ महिने) | ३,००,०००।- | अत्तरिया | १, २, ३,४,५ | २५ जना |

प्रमुख प्रशासकिय अधिकृत

खेम राज विष्ट
... अधिकृत